<u>राष्ट्रिय विकास समस्या समाधान समितिको ४३ औं बैठकले गरेका निर्णयहरु</u>

१. राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षण जस्ता कार्यक्रमले संरक्षित क्षेत्र निर्धारण गरी विशेष व्यवस्थापन गरेको छ । उक्त कारणले पहाड मधेश जोड्ने राजमार्ग र विद्युत प्रसारण लाइन तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्माणमा ढिलाई भईरहेको हुँदा संरक्षित क्षेत्रको संवेदनशिलता ध्यानमा राखि विकास निर्माण कार्यलाई द्रुत गतिदिन संरक्षित क्षेत्रको निश्चित क्षेत्रहरुबाट राजमार्ग, विद्युत प्रसारण लाइन तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि राष्ट्रिय योजना आयोगको समन्वयमा वन तथा वातावरण मन्त्रालय, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले आगामी ४४औ NDAC को बैठक अगावै Corridor तोक्न खाका पेश गर्ने ।

२. सहरी विकास मन्त्रालयबाट भएका निर्माणाधिन संरचनाहरूको निरन्तरता सम्वन्धमा २०७५ कात्तिक मसान्त सम्ममा निर्माणाधिन संरचनाहरूको अद्यावधिक मूल्याङ्कन गरी संघीयताको कार्यान्वयनको सिलसिलामा प्रदेश र स्थानीय तहलाई हस्तान्तरण हुने संरचनाहरू तत् निकायबाटै सम्पन्न गर्ने गराउने व्यवस्था गर्ने ।

३. विद्युत, टेलिफोन, खानेपानी, ढल निकास निर्माण गर्ने निकायहरुले समन्वय नगरी आ-आफ्नो योजनाले सार्वजनिक निर्माण कार्य गर्नाले सहरी क्षेत्रमा समस्या परिरहेको हुँदा सहरी क्षेत्रलाई व्यवस्थित, सफा र स्वच्छ राख्न विद्युत, टेलिफोन, खानेपानी, ढल, सडक लगायत सार्वजनिक उपयोगिताका सेवाहरु संचालनका लागि एकीकृत योजनाका आधारमा निर्माण कार्य गर्न २०७५ चैत्र मसान्त सम्ममा राष्ट्रिय योजना आयोगको समन्वयमा सहरी विकास मन्त्रालयको नेतृत्वमा विषयगत मन्त्रालयहरुले एकीकृत सेवा ऐन (Integrated Utility Corridor Act) तर्जुमा गर्ने ।

४. स्वीकृत खरिद गुरु योजना अनुसार वार्षिक बजेट विनियोजन नभएको र खरिद योजना अनुसार कार्य सम्पादनको अनुगमन नभएको सन्दर्भमा सबै विषयगत मन्त्रालयले खरिद गुरू योजना अनुसार बन्ने वार्षिक खरिद योजना श्रावण मसान्तभित्र स्वीकृत गरी सो अनुसार अनुगमन गरी अद्यावधिक विवरण र प्रगति हुन नसकेको भए समस्या सहित उल्लेख गरी २०७५ असोज मसान्त भित्र राष्ट्रिय योजना आयोगको चौमासिक प्रगति समीक्षामा पेश गर्ने र अर्थ मन्त्रालयले स्वीकृत खरिद गुरू योजना अनुसार वार्षिक बजेट विनियोजन गर्ने ।

५. विकास आयोजनाहरु तोकिएको समय, लागत र गुणस्तरमा सम्पन्न हुन नसकी प्रतिफल समेत सन्तोषजनक नभएको सन्दर्भमा राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसञ्चालन आदेश, २०७४) को कार्यादेश बमोजिम राष्ट्रिय आयोजना बैंक (National Project Bank) निर्माण गर्न विषयगत मन्त्रालय तथा निकायहरुले आयोजना बैंकमा समावेश हुने आयोजनाहरुको विवरण २०७५ कात्तिक मसान्त भित्र राष्ट्रिय योजना आयोगले तोकेको ढाँचामा आयोगमा पेश गर्ने ।

६. कृषि क्षेत्रको विकासको लागि सिंचाइ प्रणालीमा ठुलो लगानी भईरहेको तर कतिपय सिंचाइ क्षेत्रमा समेत वस्ती विकास तथा सहरीकरण भईरहेकोले लगानीको प्रतिफल प्राप्त गर्न नसकेको हुँदा सिंचाइ आयोजनाको स्वीकृत कमाण्ड क्षेत्रमा वस्ती विस्तार हुने कार्यलाई नियमन गर्नको लागि उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र सहरी विकास मन्त्रालयको सहयोगमा २०७५ पौष मसान्त भित्र भू-उपयोग कार्ययोजना बनाउने ।